जानकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## लेखापरीक्षक नियुक्तिको जानकारी गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८२/०४/२२)

प्रस्तुत विषयमा सहकारी ऐन, २०७४ को दफा (७६) को उपदाफा (१) र सहकारी लेखापरीक्षण निर्देशिका, २०७५ को दफा (३) को उपदफा (१) अनुसार प्रत्येक सहकारी संघ, संस्थाहरुको तोकिएको समयावधिभित्र लेखापरीक्षण सम्पन्न गर्न लेखापरीक्षक नियुक्ति गरी सो को जानकारी निर्देशिकाको अनुसूची १ (अनुसूची १ यसैसाथ संलग्न छ) को ढाँचामा नियामक निकायमा पठाउनु पर्ने कानूनी प्रावधान अनुसार यस गाउँपालिकाको नियमन क्षेत्राधिकारभित्र सञ्चालनमा रहेको सम्पुर्ण सहकारी संघ, संस्थाहरुले यथाशिघ्र लेखापरीक्षक नियुक्तिको जानकारी सहकारी शाखामा पठाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

आनन्द उपाध्याय
सहकारी शाखा प्रमुख

८२.०४.२२
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"
फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali

CamScanner

# अनुसूची १

## लेखापरीक्षक नियुक्तिको जानकारी दिने पत्रको ढाँचा

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मिति : २०.../.../...

विषय : लेखापरीक्षक नियुक्तिको जानकारी ।

श्री ... ... ... ज्यू !

... ... ... ।

यस संस्था / सङ्घ / बैङ्कको आर्थिक वर्ष २०.../... को लेखापरीक्षण गर्न मिति २०.../.../... मा ... ... .... स्थित श्री ... ... ... ... ... लाई लेखापरीक्षकमा नियुक्त गरिएको बेहोरा जानकारी गराएको छु । नियुक्तिसँग सम्बन्धित तपसिलबमोजिमका कागजात यसै पत्रसाथ संलग्न छन् ।

भवदीय,

दस्तखत :

नाम :

पद :

<u>तपसिल</u>

- ☐ विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नाम, ठेगाना,
- ☐ नियुक्ति तथा पारिश्रमिकका सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
- ☐ लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षकमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

**द्रष्टव्य** : १. लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त ☐ संलग्न छ ☐ सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

२. वैकल्पिक लेखापरीक्षक नियुक्ति गरिएको भए सोको कारण : ...................
.....................................................................................................



CS CamScanner

जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## लेखापरीक्षण तथा वार्षिक साधारण सभा गर्ने / गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८२/०४/२२)

प्रस्तुत विषयमा सहकारी ऐन, २०७४ को दफा (७५) को उपदाफा (१) बमोजिम प्रत्येक सहकारी संघ, संस्थाहरुले आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्धारा गराउनु पर्ने छ। सोही ऐन को दफा ३९ (२) अनुसार प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्ने कानूनी व्यवस्था भएकोले तोकिएको समयावधि भित्र अनिवार्य **लेखापरिक्षण, साधारण सभा गर्ने / गराउन हुन साथै बार्षिक प्रतिवेदन समयमै बुझाउन हुन अनुरोध छ।** प्रचलित कानून बमोजिम उपरोक्त कार्य नियमानुसार नभएमा तोकिए बमोजिमको जरिवाना भई जाने व्यहोरा सम्पूर्ण सहकारी संघ, संस्थाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| ............... | २०८२.०४.२२ ............... |
| आनन्द उपाध्याय | आशिष चौधरी |
| सहकारी शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०९१-५०००७७, ०९१-५०००७९ (LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali

CamScanner